**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका आदेशमा चित्त नबुझी मिति २०८२/१२/०२ गते सर्वोच्च अदालतमा दर्ता गरिएको बेरीतको आदेश उपरको निवेदनको विवरणः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी तथा विशेष अदालतको आदेश | विशेष अदालतले आदेश गर्दा लिएका आधार | बेरीतको आदेश उपर गरिएको निवेदनका आधारहरु |
|---|---|---|---|---|---|
| १ | नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन बरिष्ठ अधिकृत तथा हाल उप-प्रवन्धक सम्वृद्धि श्रेष्ठ, विजय थापा र गुरुदत्त अधिकारी | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको<br><br>मुद्दा नं. **०८२-CR-००४७**<br><br>आदेश मिति २०८२।१०।१४ | **आयोगको मागदावी**<br>• नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन बरिष्ठ अधिकृत तथा हाल उप-प्रवन्धक सम्वृद्धि श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.१३,५७,४६,२१३।७७ (अक्षेरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेतको मागदाबी लिइएको देखिन्छ।<br>• प्रतिवादीहरु गुरुदत्त अधिकारी र अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि. तथा उक्त कम्पनीका तत्कालीन सञ्चालक विजय थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र सोही ऐनको दफा २२ बमोजिमको कसूरमा बिगो रु.१३,५७,४६,२१३।७७ (अक्षेरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर गरि पाउने समेतको दावीमा निज प्रतिवादी द्धयलाई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदावी लिइएको देखिन्छ<br><br>**विशेष अदालतको आदेश**<br>• मिति २०८२।१०।१४ गते प्रतिवादी गुरुदत्त अधिकारीलाई साधारण तारेखमा राख्ने,<br>• मिति २०८२।१०।१९ गते प्रतिवादी सम्वृद्धि श्रेष्ठलाई रु.२,५०,०००।- (दुई लाख पचार हजार रुपैयाँ) नगद | • प्रतिवादी सम्वृद्धि श्रेष्ठले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा परियोजनाको DPR समेतको अध्ययन गर्नको लागी परामर्शदाता छनौट कार्यमा मेरो संलग्नता भए पनि निर्माण खरिद सम्बन्धी प्रक्रियामा कुनै संलग्नता नरहेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको, निज प्रतिवादीले DPR तयार गर्नका लागि TOR, RFP र लागत अनुमान समेत तयार गर्न परामर्श सेवा खरिदका लागि मिति २०७८।०८।२२ मा टिप्पणी पेश गरेको र परामर्शदाता छनौट गरी प्रस्तावको Technical and Financial Proposal Evaluation Report तयार गरेको देखिएको।<br>• प्रतिवादी विजय थापाले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा आफूले अभियन्त्र कन्सल्टिङ प्रा.लि.को सञ्चालकको तर्फबाट आफ्नो व्यावसायिक तथा पेशागत इमान्दारिताका साथ अनुभवी जनशक्ति नियुक्ति गरी Consultancy Service for Preparation of Detailed Project Report of Nalinchowk Heliport को अध्ययन परामर्श सेवा तथा सो को प्रतिवेदन उपलब्ध गराएको हो, अन्य ठेक्का प्रक्रिया, व्यवस्थापन, निर्माण तथा सञ्चालन सम्बन्धी कुनै पनि कार्यमा संलग्नता छैन भनी कसुरमा इन्कार रही बयान गरेको, मिति २०७८।१०।१० मा भएको सम्झौतामा बमोजिम यी प्रतिवादीको तर्फबाट पेश भएको विस्तृत | (क) **प्रस्तुत मुद्दामा सर्वप्रथम भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. ९ र १० (नलिन्चोक) मा निर्माण भएको हेलिपोर्टको निर्माण खरिद सम्वन्धमा भए गरेका कार्यहरु हेर्दा**नेपालमा संचालित हेलिकप्टरहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नै संचालन भएको देखिन्छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मास्टर प्लानमा Kathmandu Tribhuvan International Airport Air Transport Project Preparatory Consultancy (ATPPC) Master Plan Report १४ March २०१६ मा हेलिकप्टरहरुलाई नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा रहेको भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. ९ र १० (नलिन्चोक) स्थित ३० रोपनी जग्गामा स्थानान्तरण गर्ने विषय कहि कतै उल्लेख भएको देखिदैन। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हेलिपोर्ट स्थानान्तरण गर्नुपर्ने आवश्यकता समेत पहिचान गर्ने एवं कार्यक्रम तथा बजेट स्वीकृत वा अनुमोदित भएको समेत देखिदैन। सोही Master Plan Report को Page १४ को ३.२ Airport Layout Plan Elaboration अन्तर्गतको ३.२.१ Functional Zoning मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल को पूर्व तर्फबाट नै हेलिकप्टर सञ्चालन गर्ने गरी हेलिप्याडको डिजाइन प्रस्ताव गरेको सम्म देखिन्छ। नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २(ख) मा विमानस्थल भन्नाले वायुयान प्रस्थान वा अवतरण गर्ने कामको निमित्त पूरा वा आंशिक रुपमा प्रयोग हुने कुनै निश्चित वा सीमित जल वा स्थल क्षेत्र सम्झनु पर्छ र सो शब्दले त्यस क्षेत्रमा रहेका वा त्यस क्षेत्रसँग सम्बन्धित सबै भवन, टहरा, जहाज, डुङ्गा र घाटलाई समेत जनाउँछ भन्ने उल्लेख रहेको र सोही ऐनको दफा २ (घ) मा वायुयान भन्नाले हावाको प्रक्रियाद्वारा वायुमण्डलमा आधारित हुन सक्ने जुनसुकै यन्त्र सम्झनु पर्छ र सो शब्दले जमिनसित गाँसिएको वा नगासिंएको बेलुन, हवाई जहाज, हेलिकप्टर, चङ्गा, ग्लाइडर, ह्याङ्ग ग्लाइडर, माइक्रोलाइट, बेलुन र उड्ने अन्य जुनसुकै यन्त्रलाई समेत जनाउँछ भन्ने उल्लेख रहेकोबाट हेलिकप्टर प्रस्थान वा अवतरण गर्ने हेलिपोर्ट समेतलाई विमानस्थल नै भनी परिभाषित गरेको देखिन्छ। हेलिपोर्ट निर्माण पूर्व नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ६ (क) मा विमानस्थलको निर्माण, पुनः निर्माण, विकास, विस्तार तथा मर्मत सम्भार गर्ने र यसरी नयाँ विमानस्थल निर्माण गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ। त्यसै गरि विमानस्थलको निर्माण, पुनः निर्माण, विकास तथा विस्तार गर्दा वातावरणीय प्रभावको मूल्याङ्कन (EIA) गराई सम्बन्धित निकायको पूर्व स्वीकृति समेत लिनु पर्नेछ भन्ने व्यवस्था वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३ सँग सम्बन्धित अनुसूची ३ (छ) मा बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिदा भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिका वडा नं. ९ र १० स्थित नलिन्चोकमा निर्माण गर्न शुरु गरिएको हेलिपोर्ट निर्माणको कार्य विमानस्थल निर्माण सरह नै रहेको तथ्यमा विवाद देखिदैन।<br>(ख) भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. ९ र १० नलिन्चोक स्थित रहेको हेलिपोर्ट विमानस्थल नै रहेको भन्ने तथ्य ICAO Annex 14 Vol.II मा Heliport - "An aerodrome or a defined area on a structure intended to be used wholly or in part for the arrival, departure and surface movement of helicopters" उल्लेख गरी हेलिपोर्टलाई परिभाषित गरेको समेत देखिन्छ। नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ६ (क) मा भएको व्यवस्था तथा ICAO Annex 14 मा भएको व्यवस्था समेतको आधारलाई हेर्दा हेलिपोर्ट छुट्टै किसिमको संरचना नरही सो समेत हेलिकप्टरको उडान अवतरण लगायतका कार्यका लागि निर्माण गरिने विमानस्थल नै रहेको स्पष्ट देखिन्छ। सबै हेलिपोर्टहरु विमानस्थल नै रहेको अवस्थामा समेत क्षेत्रफल, क्षमता, आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधन लगायतका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | धरौट वा सो बराबरको बैंक जमानत लिई तारेखमा राख्ने<br>• मिति २०८२।१०।२८ गते प्रतिवादी विजय थापालाई रु.२,५०,०००।- (दुई लाख पचार हजार रुपैयाँ) नगद धरौट वा सो बराबरको बैंक जमानत लिई तारेखमा राखी | परियोजना प्रतिवेदन र सो प्रतिवेदनमा हेलिप्याड निर्माणको लागि थप विस्तृत अध्ययन हुनुपर्ने भनी व्यहोरा उल्लेख भएको देखिएको।<br>• प्रतिवादी गुरुदत्त अधिकारीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा नलिन्चोकमा हेलिपोर्ट निर्माणका क्रममा DPR अध्ययन गरी प्रतिवेदन तयार गर्ने व्यावसायिक जिम्मेवारी मात्र निर्वाह गरेको र सरकारी रकम हानिनोक्सानी गर्ने कुनै कार्यमा आफू संलग्न नरहेको भनी आरोपदावीमा इन्कार रही बयान गरेको, निज प्रतिवादी गुरुदत्त अधिकारीले DPR तयार गर्नका लागि परामर्श सेवा उपलब्ध गराएको देखिएको। | विभिन्न तत्वका आधारमा हेलिपोर्ट र विमानस्थल फरक किसिमका हुने भन्ने तथ्य एवं भाष्य नै गलत हुन जाने देखिन्छ। साथै नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को व्यवस्था, समानान्तर रुपमा एक भन्दा बढी हेलिकप्टरहरु उडान तथा अवतरण हुने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणबाट भएको नलिन्चोक हेलिपोर्टको डि.पि.आर(DPR) तयारी सम्बन्धी कागजात तथा नलिन्चोक हेलिपोर्ट निर्माण सम्बन्धी ठेक्का सम्झौता, नलिन्चोक हेलिपोर्ट सञ्चालनका क्रममा ए.आइ.पि (AIP) मा गरिएका प्रकाशन तथा हेलिरुटका तयारीहरु, नलिन्चोक निर्माणका क्रममा भएका निर्णयहरु, नलिन्चोकमा हाल निर्माण गरिएका र भविष्यमा निर्माण गर्न लागिएका संरचनाका तयारीहरु तथा विभिन्न हेलिकप्टर कम्पनीका पाइलट तथा विज्ञहरुको कागज समेतवाट नलिन्चोक हेलिपोर्ट/विमानस्थल नै निर्माण गर्ने कार्य गरेको तथ्य पुष्टि भएको छ। Helipad शब्द ICAO Related documents मा कही कतै परिभाषित गरिएको शब्द नरहेकोबाट यो Non-ICAO Term रहेको देखिन्छ। हेलिकप्टरको उडान तथा अवतरणलाई सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन स्थानीय निकायवाट हेलिप्याडको निर्माण, मर्मत तथा सञ्चालन प्रयोजनको लागि जमिनको सतहमा हेलिप्याड निर्माण तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ जारी गरेको देखिन्छ भने Requirement for the operations of Hospital Helipads, July २०१६ बमोजिम उल्लिखित H चिन्ह अंकित कडा सतह जहाँ हावाको दिशा देखाउने एउटा windsock भई कम्तीमा दुई दिशाबाट अवरोध रहित Approach/Take off Path हुनु पर्ने उल्लेख रहेको देखिन्छ। तर नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ र नेपाल नागरिक उड्डयन नियमावली, २०५८ मा कहि कतै हेलिप्याड शब्दको प्रयोग भएको देखिँदैन र हेलिपोर्टको प्रयोग हेलिकप्टरको नियमित (सेड्युल) व्यवसायिक हवाई सेवा (यात्रु वा कार्गो) संचालन तथा नियमनको लागि मात्र गरेको देखिन्छ। ICAO Annex मा उल्लिखित कार्यविधिहरु समेतले Helipad मात्रको निर्माण प्राधिकरण बाहेक स्थानीय निकाय, अस्पतालहरुको मात्र हुने तर ICAO Annex 14, Vol II (Heliport) को प्रावधान बमोजिम Obstacle Limitation भएको हुनु पर्ने प्रावधान गरेको देखिएवाट नेपाल नागरिक उड्डयन प्राधिकरणका राष्ट्रसेवक प्रतिवादीहरुले अन्य प्रतिवादीहरुसँगको मिलेमतोमा नलिन्चोकमा हेलिपोर्ट नै निर्माण गर्न लागिएको तथ्य स्थापित भएको छ। Dictionary of Aviation, 2nd Edition, David Crocker, A& C Black, London मा उल्लिखित शब्दार्थ बमोजिम Helipad – An area where helicopters take off and Land र Heliport: An airport designated for helicopters भन्ने रहेको छ। यसै गरी Annex 14 Volume II मा Heliport - "An aerodrome or a defined area on a structure intended to be used wholly or in part for the arrival, departure and surface movement of helicopters". भनी उल्लेख भएको देखिन्छ। अर्थात हेलिपोर्ट एक किसिमको विमानस्थल नै हो र यस भित्र एक वा एक भन्दा बढी हेलिप्याड हुन सक्छन, हेलिपोर्टमा सवै आवश्यक उपकरणहरु, टर्मिनल भवन, ब्यागेज ह्यानड्लिङ्ग प्रणाली, टावरमा सिधै सम्पर्क गर्ने व्यवस्थाका साथै ICAO Annex 14, Vol II (Heliport) को प्रावधान बमोजिम Obstacle Limitation समेतमा ध्यान दिई निर्माण गरिएको हुन्छ। हेलिपोर्टवाट Take off भई अर्को हेलिपोर्ट जाने वाहेक अन्य स्थानमा मापदण्ड बमोजिम कडा सतह र हावाको दिशा देखाउने यन्त्र भएको अवस्था जस्तै अस्पतालको हेलिप्याड, स्थानीय निकाय, व्यावसायिक स्थल, पर्यटक स्थलमा मापदण्ड बमोजिम तयार भएको हेलिप्याडमा अवतरण वा Emergency Rescue Operation को लागि हेलिप्याड बनाइन्छ। प्रायः सवै हेलिकप्टरको बेस स्टेसन हेलिपोर्ट वा कुनै नागरिक विमानस्थल नै हुने गर्दछ। नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ र नेपाल नागरिक उड्डयन नियमावली, २०५८ मा नेपाल नागरिक उड्डयन प्राधिकरणले हेलिप्याड सम्बन्धी निर्माण गर्ने प्रावधान नरहेको भए तापनि हेलिकप्टर सञ्चालनको लागि ICAO Standard बमोजिम व्यवस्था सहित हेलिपोर्ट निर्माण तथा सञ्चालन गर्न सक्ने अवस्था रहेको देखिन्छ। साथै आवश्यकता अनुसार निजि होटेल, अस्पताल तथा स्थानीय निकाय र रेस्क्यु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अपरेसनका लागि हेलिप्याड बनाउन सक्ने गरी विभिन्न निर्देशिकाहरु जारी भएको देखिए तापनि नलिन्चोकमा हेलिपोर्ट निर्माण गर्दा माथि विवेचना गरिए वमोजिम प्रचलित कानूनको पालना नगरी बदनियतपूर्ण तरिकाले पूर्वाधार तयार नगरी निर्माण गरी सोही क्रममा सार्वजनिक सम्पत्तिको हानिनोक्सानी दुरुपयोग गरी भ्रष्टाचारज्य कसुर भएको तथ्य Corruption of Corpus Delicti स्थापित भएको देखिन्छ ।<br>(ग) नेपाल नागरिक उड्डयन प्राधिकरणकी इन्जिनियर प्रतिवादी सम्वृद्धि श्रेष्ठको हकमा हेर्दा निज प्रतिवादी सम्वृद्धि श्रेष्ठले मिति २०७८।०८।०८ गते नेपाल नागरिक उड्डयन प्राधिकरणवाट नलिन्चोकमा नयाँ हेलिपोर्टको सम्भाव्यता अध्ययन गरी अगाडि बढ्न स्वीकृतार्थ भनी तत्कालीन प्रमुख निर्देशक मुरारी भण्डारी समक्ष टिप्पणी पेश गरेको देखिन्छ। निज सम्वृद्धि श्रेष्ठले पेश गरेको टिप्पणीमा सोही प्राधिकरणका प्रमुख निर्देशक मुरारी भण्डारीले समर्थन जनाई स्वीकृतार्थ तत्कालीन महानिर्देशक राज कुमार क्षेत्री समक्ष पेश गरेको देखिन्छ। नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक राज कुमार क्षेत्रीले "सम्भाव्य देखिएमा मात्र प्रक्रिया अगाडि बढाउने गरी स्वीकृत" भनी मिति २०७८/०८/०८ गते टिप्पणी आदेश स्वीकृत भए पश्चात सम्भाव्यता अध्ययन सम्बन्धी बाँकी कार्य अगाडि बढाउने जिम्मेवारी प्राधिकरणकी इन्जिनियर यि प्रतिवादी सम्वृद्धि श्रेष्ठ समेतको रहेको तथ्य स्पष्टै देखिन्छ।यसरी, एरोड्रम इन्जिनियरिङ्ग विभाग प्रमुख निर्देशक मुरारी भण्डारी र तत्कालीन बरिष्ठ अधिकृत हाल उप-प्रवन्धक सम्वृद्धि श्रेष्ठ नै संलग्न रही आफू समेतले नलिन्चोकमा नयाँ हेलिपोर्ट निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने विषयमा महानिर्देशक समक्ष टिप्पणी स्वीकृत पेश गरे गराए तापनि महानिर्देशकको आदेशानुसार सम्भाव्यता अध्ययन गर्ने तर्फ प्रक्रिया नै अघि नबढाई निज राज कुमार क्षेत्री पछी बहाल रहेका अर्का महानिर्देशक प्रेमनाथ ठाकुर समेतलाई थाहा जानकारी नै नगरी नगराई बदनियतपुर्ण तरिकाले तत्कालीन बरिष्ठ अधिकृत हाल उप-प्रवन्धक सम्वृद्धि श्रेष्ठ र तत्कालीन निर्देशक मुरारी भण्डारी संलग्न रही नलिन्चोक हेलिपोर्टको डि.पि.आर (DPR) तयार गर्नका लागि Terms of Reference (ToR), Request for Proposal (RFP) र लागत अनुमानसमेत तयार गरी गराइ मिति २०७८।०८।२२ को टिप्पणी आदेश तत्कालीन निर्देशक प्रतिवादी मुरारी भण्डारी आफैले स्वीकृत गरी नलिन्चोकमा नयाँ हेलिपोर्ट निर्माणको Design, Estimate तथा Drawing तयार गर्नुपर्ने भनी परामर्श सेवा खरिद गर्ने प्रक्रियामा प्रवेश गरेको देखिन्छ। यसरी हेलिपोर्ट जस्तो अति संवेदनशील संरचना निर्माण पूर्व अनिवार्य गर्नुपर्ने सम्भाव्यता अध्ययन, सरोकारवाला तथा विज्ञसँगको परामर्श एवं सञ्चालक समितिमा छलफल समेत नगरी नगराई बदनियतपूर्ण तरिकाले यी प्रतिवादी सम्वृद्धि श्रेष्ठ समेतले हेलिपोर्ट निर्माण खरिदको कार्य प्रारम्भ गरेको तथ्य मिसिल संलग्न निर्णय माईन्युट समेतवाट देखिँदा देखिँदै उक्त टिप्पणी निर्णय समेतका लिखित प्रमाण (Documentary Evidence) लाई थुनछेक आदेशको सुनुवाई गर्ने क्रममा नजर अन्दाज गरी प्रस्तुत भ्रष्टाचारजन्य कसूरको जग (Foundation of Corrupt Act) को भूमिका निर्वाह गरेकी यी प्रतिवादी सम्वृद्धि श्रेष्ठलाई प्राधिकरणलाई हानी नोक्सानी भएको बिगोको तुलनामा अत्यन्त न्यून धरौटी माग गरी भएको थुनछेक आदेश बेरीतको देखिँदा बदरभागी छ।<br>(घ) यी प्रतिवादी सम्बृद्धि श्रेष्ठ समेतले हेलिपोर्ट/विमानस्थलको योजना तर्जुमा/डिजाइन/निर्माण सम्बन्धी कुनै अनुभव, विज्ञता र सक्षमता नभएको परामर्शदाता Abhiyantra Consulting Pvt. Ltd. समेतका ३ वटा परामर्शदाताबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी खरिद प्रक्रिया अगाडि बढाएको देखिन्छ। Consultancy Service for Preparation of Detailed Project Report of Nalinchowk Heliport को स्वंयम निज प्रतिवादी सम्वृद्धि श्रेष्ठ कै अध्यक्षतामा भएको Technical and Financial Proposal Evaluation समितिको Report हेर्दा कुनै पनि नेपाली परामर्शदाताले Airport/Heliport को DPR तयार गरेको अनुभव भए रहेको देखिँदैन। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हेलिपोर्ट संरचना नेपालमा नै पहिलो रहेको र सो सम्बन्धमा अध्ययन अनुभव भएको परामर्शदाता नेपालमा नरहेको अवस्था समेत विद्यमान रहेकोमा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (३) बमोजिम सार्बजनिक निकायको माग अनुरुपको परामर्श सेवा दिने नेपाल राज्यभित्र एक भन्दा बढी परामर्शदाता प्राप्त हुने नभएमा अन्तर्राष्ट्रिय स्तरको आशय पत्र माग गरी छनौट गर्नुपर्ने हुन्छ भन्ने कानूनी व्यवस्थाको जानकारी हुँदा हुँदै पनि प्रतिवादीहरुले बदनियत राखि अनुभव नै नभएका परामर्शदातालाई मिलोमतोमा छनोट गरी उपलब्ध जग्गामा Hard Surface Design गरी सोही लागत अनुमानलाई Detailed Project Report को Project Cost को रुपमा पेश गरे गराएको देखिन्छ। यसरी उक्त Consultancy Service for Preparation of Detailed Project Report of Nalinchowk Heliport को सम्झौताको लागि Abhiyantra Consulting Pvt. Ltd को तर्फबाट विजय थापा र नेपाल नागरिक उड्डयन प्राधिकरणको तर्फवाट मुरारी भण्डारीले दस्तखत गरी मिति २०७८।१०।१० मा सम्झौता गरेको देखिन्छ। उक्त सम्झौता बमोजिमको कार्य अवधि ६ महिनाको हुने, कार्य सम्पन्न गर्न निज मुरारी भण्डारीले नै कार्यदिश दिएको देखिन्छ। निज प्रतिवादी सम्वृद्धि श्रेष्ठले अन्य प्रतिवादीहरु सँगको मिलेमतो तथा योजनामा छनोट गरेको Preparation of Detailed Project report for Nalinchowk Heliport को परामर्शदाता Abhiyantra Consulting Pvt. Ltd. बाट सम्झौता बमोजिमको विस्तृत अध्ययन प्रतिवेदन पेश नै नगरे नगराएको अवस्थामा नलिन्चोक हेलिपोर्ट निर्माणको लागि मिति २०७८।१२।२८ गते नेपाल नागरिक उड्डयन प्राधिकरणका इन्जिनियर नल विक्रम थापाले टिप्पणी पेश गर्दा उपरोक्त सम्बन्धमा चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा नलिन्चोकमा हेलिपोर्ट निर्माण कार्य सम्बन्धी उल्लेख नभएको, श्री अभियन्त्र कन्सल्टिङ प्रा.लि.बाट डिजाइन लागत अनुमान पेश हुन आएको, Bidding Document, Specifications स्वीकृत हुनु पर्ने, आगामी आ.व.मा बजेट व्यवस्था हुन स्वीकृत हुनु पर्ने भन्ने व्यहोराको टिप्पणी ईन्जिनियर नल विक्रम थापाले पेश गरे गराएकोमा निर्देशक मुरारी भण्डारीले उक्त टिप्पणी बमोजिम स्वीकृत हुन मनासिव देखी पेश गरेको छु भनी महानिर्देशक समक्ष पेश गरे गराएकोमा महानिर्देशक प्रदीप अधिकारीबाट सोही दिन मिति २०७८/१२/२८ गते स्वीकृत गरे गराएको देखिन्छ। मिति २०७८।१२।२८ गते गरेको नलिन्चोक हेलिपोर्ट निर्माण सम्वन्धी निर्णय टिप्पणी हेर्दा कार्यक्रम तथा बजेट स्वीकृत वा अनुमोदन नहुँदै खरिद प्रक्रिया अगाडि बढाउने कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम (१) मा उल्लेखित कानूनी व्यवस्थाको प्रतिकुल भई यि प्रतिवादी सम्वृद्धि श्रेष्ठ समेतको बदनियतपूर्ण कार्य स्पष्ट देखिँदा देखिँदै उक्त प्रमाणहरुलाई नजरअन्दाज गरी कसूरको गाम्भीर्यता र निज प्रतिवादी सम्वृद्धि श्रेष्ठलाई हुन सक्ने सजाय समेतको आधारमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने यी प्रतिवादी सम्वृद्धि श्रेष्ठलाई रु. २,५०,०००।— धरौटी माग गरी भएको आदेश बेरीतको देखिँदा बदरभागी छ।<br>(ङ) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा (१) अनुसार "सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यससम्बन्धी स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्नेछ" भनी कानूनी व्यवस्था गरेको देखिन्छ। Preparation of Detailed Project report for Nalinchowk Heliport को परामर्शदाता Abhiyantra Consulting Pvt. Ltd. बाट सम्झौता बमोजिमको विस्तृत अध्ययन प्रतिवेदन पेश नै नभएको अवस्थामा राष्ट्रसेवक प्रतिवादीहरुले परामर्शदाता Abhiyantra Consulting Pvt. Ltd. का संचालक विजय थापा तथा उक्त परामर्शदाताले अनाधिकृत रुपमा Preparation of Detailed Project report for Nalinchowk Heliport निर्माणको काममा गैरकानूनी उपस्थिति रहेका प्रतिवादी गुरुदत्त अधिकारीसँगको मिलेमतो गरी त्रुटिपूर्ण DPR report ग्रहण गरी सोही प्रतिवेदन समेतलाई आधार लिई झुट्टा व्यहोरा टिप्पणी उल्लेख गरी गराई पूर्ण रुपमा तयार नै |

नभएको Bidding Document, Specifications लगायतलाई नै स्वीकार गर्नु सार्वजनिक खरिदको सामान्य सिद्धान्त विपरीत रहेको देखिन्छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने कानूनी व्यवस्था रहेको देखिन्छ भने सोही ऐन को दफा ५ मा लागत अनुमान तयार गर्ने र दफा ५क.मा लागत अनुमानको स्वीकृतिको व्यवस्था समेत गरेको देखिन्छ। यसैगरी नियमावली, २०६४ को नियम ७ र नियम ८ मा खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी गराई स्वीकृत गरेर मात्र खरिद प्रक्रियाको कार्य शुरु गर्नुपर्नेमा कानूनी व्यवस्था रहेको देखिन्छ। उपरोक्त कानूनी व्यवस्थाको वारेमा जानकारी हुदाँ हुदै यी प्रतिवादी सम्वृद्धि श्रेष्ठले जानी जानी बदनियतपूर्वक खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकारी प्राप्त अधिकारीवाट स्वीकृत नै नगराई,तत्कालीन महानिर्देशक राज कुमार क्षेत्रीले "सम्भाव्य देखिएमा मात्र प्रक्रिया अगाडि बढाउने गरी स्वीकृत" भनी मिति २०७८/०८/०८ गते टिप्पणी आदेशको विपरीत गई, नयाँ हेलिपोर्टको सम्भाव्यता अध्ययन समेत नगराई, महानिर्देशकलाई थाहा जानकारी नै नगरी नगराइ, तत्कालीन निर्देशक मुरारी भण्डारीवाट नलिन्चोक हेलिपोर्टको डि.पि.आर (DPR) तयार गर्नका लागि Terms of Reference (ToR), Request for Proposal (RFP) र लागत अनुमानसमेत स्वीकृत गरि गराई, हेलिपोर्ट जस्तो अति संवेदनशील संरचना निर्माण पूर्व अनिवार्य गर्नुपर्ने सम्भाव्यता अध्ययन, सरोकारवाला तथा विज्ञ सँगको परामर्श एवं सञ्चालक समितिमा छलफल समेत नगरी नगराई, उपरोक्त पुर्व तयारी नगरि नगराई आ.व.२०७८/०७९ मा मौजुदा सूचीमा रहेका परामर्शदाता Abhiyantra Consulting Pvt. Ltd. समेतका ३ वटा परामर्शदाताबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरि, निज सम्वृद्धि श्रेष्ठ कै अध्यक्षतामा भएको Technical and Financial Proposal Evaluation Committee गठन गरी Report Consultancy Service for Preparation of Detailed Project Report of Nalinchowk Heliport को Technical and Financial Proposal Evaluation Report को मूल्याकन समेत गरी, Airport/Heliport को DPR तयार गरेको अनुभव नै नभएको परामर्शदाता अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि.लाई छनौट गरि यसरी कुनै पनि नेपाली परामर्शदाताले Airport/Heliport को DPR तयार गरेको अनुभव रहे भएको नदेखिएमा वा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (३) बमोजिम सार्वजनिक निकायको माग अनुरुपको परामर्श सेवा दिने नेपाल राज्यभित्र एक भन्दा बढी परामर्शदाता प्राप्त हुने नभएमा अन्तर्राष्ट्रिय स्तरको आशय पत्र माग गरी छनौट गर्नुपर्ने भन्ने कानूनी व्यवस्थाको विपरीत गई, परामर्शदातालाई मिलोमतोमा छनोट गरी उपलब्ध जग्गामा Hard Surface Design गरी सोही लागत अनुमानलाई Detailed Project Report को Project Cost को रुपमा पेश गरे गराएको देखाई सोही Consultancy Service for Preparation of Detailed Project Report of Nalinchowk Heliport को सम्झौताको लागि Abhiyantra Consulting Pvt. Ltd को तर्फवाट विजय थापा र नेपाल नागरिक उड्डयन प्राधिकरणको तर्फबाट मुरारी भण्डारीले दस्तखत गरी मिति २०७८।१०।१० मा सम्झौता गरी उक्त निर्माण खरिदको कार्यबाट नेपाल नागरिक उडडयन प्राधिकरणलाई जम्मा रु.१३,५७,४६,२१३।७७ (अक्षरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैयाँ सतहत्तर पैसा मात्र) बराबर रकम नोक्सानी पुर्‍याएको तथ्य स्थापित भएको देखिँदा देखिँदै यी प्रतिवादी सम्वृद्धि श्रेष्ठ उपर माग भएको आरोपदावीमा उल्लेखित बिगोको तुलनामा अत्यन्त न्यून रु. २,५०,०००।- (अक्षरेपि दुई लाख पचास हजार) धरौटी वा जमानत माग गरी भएको आदेश प्रारम्भिक रुपमा त्रुटिपूर्ण देखिँदा बदरभागी छ।

(च) **अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि. तथा उक्त कम्पनीका तत्कालीन सञ्चालक प्रतिवादी विजय थापाको**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **हकमा हेर्दा,** नलिन्चोकमा नयाँ हेलिपोर्टको सम्भाव्यता अध्ययन गरी अगाडि बढ्ने सम्बन्धमा यी प्रतिवादी समृद्धि श्रेष्ठ समेतले पेश गरेको टिप्पणीमा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक राज कुमार क्षेत्रीले "सम्भाव्य देखिएमा मात्र प्रक्रिया अगाडि बढाउने गरी स्वीकृत" गरेकोमा सोको प्रतिकुल हुने गरी नलिन्चोक हेलिपोर्टको डि.पि.आर. (DPR) तयार गर्नका लागि Terms of Reference (ToR), Request for Proposal (RFP) र लागत अनुमानसमेत तयार गर्ने गरि प्रतिवादी मुरारी भण्डारीले टिप्पणी स्वीकृत गरेको देखिन्छ। यसरी हेलिपोर्ट जस्तो अति संवेदनशील संरचना निर्माण पूर्व अनिवार्य गर्नुपर्ने सम्भाव्यता अध्ययन, सरोकारवाला तथा विज्ञसँगको परामर्श एवं सञ्चालक समितिमा छलफल समेत नगरी नगराई बदनियत पुर्वक खरिद प्रक्रिया अगाडी बढाएको तथ्य अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि. तथा उक्त कम्पनीका तत्कालीन सञ्चालक विजय थापा समेतलाई थाहा जानकारी हुँदा हुदै बदनियत राखि यि प्रतिवादी विजय थापा संचालक रहेको Abhiyantra Consulting Pvt. Ltd. समेतले आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गरे गराएको देखिन्छ। अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि तथा उक्त कम्पनीका तत्कालीन सञ्चालक विजय थापासँग Consultancy Service for Preparation of Detailed Project Report of Nalinchowk Heliport को DPR तयार गर्नको लागी अनुभव नभएको जानकारी निज विजय थापालाई हुदाँ हुदै नेपालमा नै पहिलो रहेको हेलिपोर्ट संरचनाको निर्माणमा परामर्शदाताको रुपमा यि प्रतिवादी विजय थापाको Abhiyantra Consulting Pvt. Ltd. छनौट गर्नु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (३) मा उल्लेखित कानूनी व्यवस्थाको विपरीत देखिन्छ। प्रतिवादी अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि तथा उक्त कम्पनीका तत्कालीन सञ्चालक विजय थापाले प्रतिवादी सम्वृद्धि श्रेष्ठ समेतका अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी हेलिपोर्ट निर्माणको DPR तयार गर्ने अनुभव नै नभएका अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि.लाई छनोट गरी गराई उपलब्ध जग्गामा Hard Surface Design गरी सोही लागत अनुमानलाई Detailed Project Report को Project Cost को रुपमा पेश गरे गराएको तथ्यबाट यी प्रतिवादीहरुको बदनियत स्पष्टै देखिन्छ । यसरी उक्त Consultancy Service for Preparation of Detailed Project Report of Nalinchowk Heliport को सम्झौताको लागि Abhiyantra Consulting Pvt. Ltd को तर्फवाट विजय थापा र नेपाल नागरिक उड्डयन प्राधिकरणको तर्फवाट मुरारी भण्डारीले मिति २०७८।१०।१० मा सम्झौता र सो अनुसार दिईएको कार्यदेश गैर कानूनी देखिन्छ भने Preparation of Detailed Project report for Nalinchowk Heliport को परामर्शदाता Abhiyantra Consulting Pvt. Ltd. वाट सम्झौता बमोजिमको विस्तृत अध्ययन प्रतिवेदन पेश नै नगरे नगराएको अवस्थामा नलिन्चोक हेलिपोर्ट निर्माणको लागि मिति २०७८।१२।२८ गते टिप्पणीमा Detailed Project report पेश गरे गराएको देखिई भएको समेत निर्णयबाट यि प्रतिवादी विजय थापा समेतको बदनियतपुर्ण कार्य थप उजागर भएको देखिदा देखिदै सो प्रमाणहरुको तत्काल विवेचना तथा न्यायिक विश्लेषण नगरी निज प्रतिवादी विजय थापालाई रु. २,५०,०००।— मात्र धरौटी माग गरी भएको आदेश निज प्रतिवादी उपर मागदावी भएको बिगो र हुन सक्ने सजायको तुलनामा अत्यन्त न्युन र आत्मकेन्द्रित देखिदा वेरितको भई बदर भागी छ।<br>(छ) **प्रतिवादी मध्येका गुरुदत्त अधिकारीको हकमा हेर्दा,** निज प्रतिवादी अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि सँग आबद्ध नभई रियल पाथ ईन्जिनियरिङ्ग कन्सल्टेन्सीको प्रबन्ध निर्देशक रहेको देखिन्छ। रियलपाथ ईन्जिनियरिङ्गका यी प्रतिवादी गुरुदत्त अधिकारी र अभियन्त्र कन्सल्टिङ्ग प्रा.लिका संचालक प्रतिवादी विजय थापा समेतले मिलेमतो गरी Airport/Heliport को DPR तयार गर्नको लागी अनुभव नै नभएको अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि.को तर्फबाट हचुवाको भरको DPR तयार गरी पेश गर्न रियलपाथ ईन्जिनियरिङ्ग कन्सल्टेन्सीको प्रवन्ध निर्देशक गुरुदत्त अधिकारीलाई जिम्मा दिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | देखिन्छ भने  उक्त DPR छनौट भएको परामर्शदाता अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि ले गरेको नभई प्रस्तुत खरिद प्रक्रियामा सामेल ने नभएको रियलपाथ ईन्जिनियरिङ्ग कन्सल्टेन्सीको प्रबन्ध निर्देशक गुरुदत्त अधिकारीले तयार गरी पेश गरेको तथ्य नेपाल नागरिक उड्डयन प्राधिकरणको मिति २०७८/१२/२८ गते उप-प्रबन्धक नल विक्रम थापा, निर्देशक मुरारी भण्डारी र महानिर्देशक प्रदीप अधिकारी संलग्न रही गरे गराएको टिप्पणी आदेशमा उल्लेखित “हेलिपोर्ट निर्माण गर्नको निमित्त परामर्शदाता श्री रियलपाथ ईन्जिनियरिङ्ग कन्सल्टेन्सीवाट डिजायन लागत अनुमान पेश हुन आएको व्यहोरा अनुरोध छ” भन्ने समेत व्यहोरा उल्लेख गरी श्री रियलपाथ ईन्जिनियरिङ्ग कन्सल्टेन्सी भएको बेहोरा काटी अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि. थप गरी भएको निर्णयवाटै प्रस्ट देखिदा देखिदै उक्त प्रमाणलाई नजर अन्दाज गरी गैर कानूनी तवरबाट DPR Report तयार गर्ने यी प्रतिवादी गुरुदत्त अधिकारीलाई हुन सक्ने सजाय तथा नोक्सानी भएको बिगो मागदावी समेतलाई उपेक्षा गरी साधारण तारेखमा राख्ने गरी भएको आदेश बेरीतको देखिदा बदरभागी छ।<br>(ज) यसरी नलिन्चोकमा सुरक्षाको दृष्टिकोणबाट समेत व्यवसायिक रुपमा हेलिकप्टर सञ्चालन गर्न नसकिने, ICAO द्वारा प्रकाशित annex 14 volume II मा उल्लिखित सिद्धान्त र मापदण्ड बमोजिम सुरक्षा दृष्टिकोणबाट नलिन्चोक हेलिपोर्ट निर्माण नभएको, ICAO का प्रावधान लगायत नेपाल नागरिक उडययन प्राधिकरणको सम्बन्धित कानुन समेतको आधारमा नलिन्चोक हेलिपोर्ट निर्माण सम्पन्न भएपश्चात संचालनको लागि नियामक निकायद्वारा प्रमाणिकरण हुनु पर्नेमा सो नगरेको, निर्माण भएको नलिन्चोक हेलिपोर्टको व्यवसायिक संचालनको सम्भाव्यता र समग्र उपादेयताको पुष्टि हुन नसक्ने देखिएकोले कृत्रिम रुपमा सञ्चालन गर्न खोजे तापनि कुनै पनि बेला दुर्घटनाको दृष्टिले प्रत्युपादक खतरा हुन सक्ने जोखिम व्याप्त रहेकोले यसको प्रयोगमाथि अविलम्ब रोक लगाउनु पर्ने भन्ने समेतको राय प्राप्त भएको देखिएको समेतका आधार कारणलाई बेवास्ता गरी प्रतिवादीहरु गुरुदत्त अधिकारी र अभियन्त्र कन्सल्टिङ्ग प्रा.लि तथा उक्त कम्पनीका तत्कालीन सञ्चालक विजय थापाले अन्य राष्ट्रसेवक प्रतिवादीहरु समेतको मिलेमतो तथा योजनामा माथि विवेचना गरिएवमोजिमको कार्य कसूर गरी नलिन्चोक हेलिपोर्ट निर्माणको उद्देश्य अनुरुपको प्रयोग प्रचलनमा आउन नसक्ने गरी निर्माण कार्य गरी गराई नेपाल नागरिक उड्डयन प्राधिकरण/सार्वजनिक संस्थाको सम्पत्तीको हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य स्थापित भएको देखिँदा देखिँदै सम प्रतिवादी गुरुदत्त अधिकारीलाई सामान्य तारेख तथा प्रतिवादीहरु सम्वृद्धि श्रेष्ठ र विजय थापाबाट न्यून धरौटी माग गरी मुद्दा पुर्पक्ष गर्ने गरी भएका आदेशहरु बेरीतको देखिएको हुँदा उक्त आदेशहरु बदरभागी छन् ।<br>(झ) नलिन्चोक हेलिपोर्टको Construction of Heliport at Nalinchowk (Contract Identification Number: CAAN/AED/Nalinchowk/Heliport/०७८-७९/७) सम्बन्धी कार्य सम्पन्न भएपश्चात हेलिपोर्ट सञ्चालनको सम्बन्धमा मिति २०८०।०४।११ को बैठकबाट गठन भएको कार्यदलले उक्त नलिन्चोक हेलिपोर्टको स्थल आसपास विद्यालय र घरहरु अवस्थित रहेको, आवश्यक facilities जस्तै re-fuelling, security manpower/equipment लगायत important facilities नरहे भनी उल्लेख गरेको देखिन्छ। नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्राप्त कागजात हेर्दा नलिन्चोक हेलिपोर्टवाट मिति २१ जुन २०२४ देखि ०९ जुन २०२५ सम्ममा जम्मा १२ वटा हेलिकप्टर कम्पनीबाट ४६५ वटा उडान र ४११ वटा अवतरण गरेकोमा जम्मा ५८ जना यात्रुले उक्त हेलिपोर्टबाट प्रस्थान गरेको र जम्मा ६१ जना यात्रुले उक्त हेलिपोर्टमा आगमन गरेको देखिएबाट समेत उक्त नलिन्चोक हेलिपोर्टबाट व्यवसायिक उडान भइरहेको भन्ने देखिँदैन। साथै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हेलिकप्टरलाई रिलोकेट गर्नुपर्ने अवस्थामा अन्य विकल्पको छलफल र |

अध्ययन समेत भएको नदेखिएको र नलिन्चोक नै उत्तम, सुरक्षित र उपयुक्त स्थान रहेको भन्ने समेत कुनै अध्ययन भएको देखिँदैन। यसबाट समेत सार्वजनिक सम्पत्तिको दुरुपयोग गरी व्यवसायिक उडान सञ्चालन योग्य नरहेको असुरक्षित स्थानमा हेलिपोर्ट निर्माण गरी गराई राष्ट्रसेवक यी प्रतिवादी सम्वृद्धि श्रेष्ठ लगायत अन्य प्रतिवादीहरु समेतको मिलेमतो तथा योजनामा सार्वजनिक सम्पत्तिको हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य स्थापित भएको देखिँदा देखिदै सो प्रमाणलाई नजरअन्दाज गरी आरोप पत्रसाथ विशेष अदालतमा पेश भएका यी प्रतिवादीहरु सम्वृद्धि श्रेष्ठ र विजय थापालाई सामान्य धरौटीमा र प्रतिवादी गुरुदत्त अधिकारीलाई साधारण तारेखमा राखी मुद्दा पुर्पक्ष गर्ने गरी विशेष अदालतबाट भएका उक्त थुनछेक आदेशहरु बेरीतको देखिँदा बदर भागी छन्।

(ज) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन प्राधिकरणका विमानस्थल सञ्चालन विभाग प्रमुख श्री सुभाष झाको संयोजकत्वमा गठित समितिले मिति २०८०।०८।२६ मा परीक्षण उडान समेत गरी मिति २०८० पुष ११ गते पेश गरेको प्रतिवेदनमा उक्त क्षेत्रमा करिव २०० मिटर सम्मको दुरीमा रहेका जग्गा वरपरको झन्डै ३००-४०० जति घरधुरी प्रभावित हुन सक्ने, जहाज सुरक्षामा कुनै पनि बखत खतरा निम्तिन सक्ने, हवाई सुरक्षाको दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने यात्रु चेकिङ्ग कक्ष लगायत सुरक्षाकर्मी बस्ने व्यारेक सुरक्षा डिउटि पोष्टहरुको व्यवस्था नरहेको, काठमाडौं टावरसँग विमानको सञ्चार सम्पर्कका लागि आवश्यक पूर्वाधारहरुको व्यवस्थापन हेतु छुट्टै भवन नरहेकोले व्यवस्थापनमा समस्या रहेको, मौसमी पूर्वाधारहरुको व्यवस्थापन नभएकोले भिजिविलिटी लगायत अन्य आवश्यक डाटा यकिन गर्न अप्ठेरो पर्ने, Re fueling को लागि छुट्टै व्यवस्था नभएको, अरनिको राजमार्गबाट हेलिपोर्ट सम्म पुग्ने बाटो साघुँरो रहेको, हेलिपोर्ट क्षेत्रमा उच्च भोल्टज क्षमताको विद्युत प्रसारण लाइन रहेकोले उडान सुरक्षामा गम्भीर चुनौती रहेको, उक्त स्थानमा हेलिकप्टर सञ्चालनका लागि अन्य पूर्वाधारहरु नभएकोले तत्कालै सञ्चालनमा ल्याउन नसकिने देखिएको लगायतका समस्याहरु उक्त प्रतिवेदनमा औंल्याएको देखिन्छ। साथै संचालन अनुमति पाएका ११ वटा हेलिकप्टर अपरेटर कम्पनीमा कार्यरत ४७ जना पाइलटहरुले मिति २०८१।०३।१६ गते नेपाल नागरिक उड्डयन प्राधिकरणमा नलिन्चोक हेलिप्याडबाट गरिने उड्डयन सञ्चालनले महत्त्वपूर्ण सुरक्षा जोखिम सिर्जना भएको अवस्थामा पनि व्यवसायिक हेलिकप्टर संचालन गरियो भने निकट भविष्यमा भयानक दुर्घटना घट्न सक्ने देखिएकोले हेलिप्याडको स्थान र त्यहाँबाट गरिने उड्डयन सञ्चालनका कारण गम्भीर दुर्घटना हुन सक्ने विषयमा गम्भीर चासोको विषय रहि आएकोले तत्काल नलिन्चोक हेलिप्याडबाट व्यवसायिक रूपमा सञ्चालन गर्दा पाइलट र यात्रुहरूको जीवनलाई यसले खतरामा पारेको भनी बिभिन्न Hazards and Risk बारेमा विवरण सहित निवेदन पेश गरिएको देखिन्छ। त्यसैगरी, हेलिकप्टर अपरेटरहरुले आफ्नो बिज्ञहरुको समूह बनाई Appendix-I & K" Process of Safety Risk Management for any Identified Hazard" Risk Assessment worksheet of SMS manual को आधारमा Safety Risk Management (SRM) प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदनमा नलिन्चोक हेलिपोर्टको Hazard and Risks रहेको भन्ने उल्लेख गरेको देखिन्छ।साथै प्राधिकरणका निर्देशक प्रभाकर चन्द्र मल्लिक समेत १४ जना बिज्ञहरुको समूहले हेलिकप्टर पाइलटहरुले हेलिपोर्ट जोखिम युक्त रहेको भनी दिएको निवेदन उपर छानबिन गरी मिति २०८१।०४।३२ मा पेश गरेको प्रतिवेदनमा TIA भन्दा १५ कि.मी. पूर्वमा रहेको हेलिप्याड व्यवसायिक संचालनको लागि २०८१।०३।०७ मा खोलिएको र यसमा ४ Nos FATO and १३ no identified Parking क्षेत्रहरु छुट्याइएका तर यस हेलिप्याड क्षेत्रवाट हेलिपोर्टको सेवा दिन आवश्यक छुटै टर्मिनल भवन, मर्मत कार्यालय, Dispatch office, Crew briefing area, vehicle parking area, ground support equipment area, firefighting

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | equipment, ATS facility, refueling facility , fuel storage area, maintenance facilities आदि निर्माण भइ नसकेको अवस्था रहेको उल्लेख गरी नलिन्चोक हेलिपोर्टबाट व्यवसायिक उडान सञ्चालनका लागि अहिलेको नै अवस्थामा संचालनमा आउन नसक्ने भनी प्रतिवेदनमा उल्लेख गरेको देखिन्छ। त्यस्तै, नलिन्चोक हेलिपोर्ट निर्माणको सम्वन्धमा इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पस मेकानिकल र एरोस्पेस इन्जिनियरिङ्ग विभागका विभागीय प्रमुख डा. सुदिप भट्टराईले यस आयोगमा पेश गर्नुभएको A Report on the Status and Operational Feasibility of Nalinchowk Heliport मा उक्त नलिन्चोक हेलिपोर्ट उद्देश्य अनुसार प्रयोग प्रचलन आउन नसक्ने भन्ने समेत व्यहोराको प्रतिवेदन दिएको देखिन्छ। त्यस्तै, सार्वजनिक खरिद परामर्श कार्यटोलीको संयोजक सहसचिव पद्म कुमार मैनाली, सि.डि.ई राजेश दास र उपसचिव सीता शर्मा पौडेलबाट नलिन्चोक हेलिपोर्ट निर्माणको सम्बन्धमा प्राप्त राय प्रतिकृया सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३, ICAO Standard लगायतको प्रचलित कानूनलाई अन्देखा गरी हेलिपोर्ट निर्माणको खरिद कार्य भएको देखिएको, उक्त हेलिपोर्ट संचालनमा ल्याउन भनेको नागरिकको जनधनको क्षती निम्त्याउनु हो भन्ने समेत व्यहोराको राय प्रतिवेदन दिएको देखिन्छ। साथै हवाइ सुरक्षा विज्ञ घनश्याम राज आचार्यले मिति २०८२।०७।२५ मा यस आयोगमा पेश गर्नुभएको नलिन्चोक हेलिपोर्ट निर्माण र सञ्चालन प्रक्रिया र मापदण्ड बारे राय प्रतिवेदनमा नलिन्चोक हेलिपोर्टको Safety risk assessment समेत हेर्दा हेलिकप्टर कम्पनी तथा हेलिकप्टर पाइलट समेतले दिएका Safety Risk Management (SRM) को अध्ययन तथा नलिन्चोक हेलिपोर्टको हालको अवस्थिति र अवस्था समेत अध्ययन गरी उक्त हेलिपोर्टबाट सुरक्षाको दृष्टिकोणबाट समेत व्यवसायिक रुपमा हेलिकप्टर सञ्चालन गर्न नसकिने, ICAO द्वारा प्रकाशित annex 14 volume II मा उल्लिखित सिद्धान्त र मापदण्ड बमोजिम सुरक्षा दृष्टिकोणबाट नलिन्चोक हेलिपोर्ट निर्माण नभएको, ICAO का प्रावधान लगायत नेपाल उडयन प्राधिकरणको सम्बन्धित कानुन समेतको आधारमा नलिन्चोक हेलिपोर्ट निर्माण सम्पन्न भए पश्चात संचालनको लागि नियामक निकायद्वारा प्रमाणिकरण हुनु पर्नेमा सो नगरेको, निर्माण भएको नलिन्चोक हेलिपोर्टको व्यवसायिक संचालनको सम्भाव्यता र समग्र उपादेयताको पुष्टि हुन नसक्ने देखिएकोले कृत्रिम रुपमा सञ्चालन गर्न खोजेता पनि कुनै पनि बेला दुर्घटनाको दृष्टिले प्रत्युपादक खतरा हुन सक्ने जोखिम व्याप्त रहेकोले यसको प्रयोग माथि अविलम्व रोक लगाउनु पर्ने भन्ने समेतको राय प्राप्त भएको देखिन्छ। सम्बन्धित विद्यालयबाट विद्यार्थीको स्वास्थ्य र पठनपाठनमा समस्या भएको, विद्यार्थी संख्या क्रमशः घट्दो क्रममा रहेको भन्ने बेहोरा राय/प्रतिक्रिया प्राप्त भएको देखिन्छ । त्यस्तै, घनाबस्तीको बिचमा अनुपयुक्त स्थानमा निर्माण गरेको हेलिपोर्टले स्थानीय जनतालाई सुरक्षा खतरा देखिएको र सार्वजनिक सुनुवाई तथा वातावरणीय अध्ययन समेत नगरी निर्माण गरेको भनी स्थानीय बासिन्दाहरुले सर्जमिन मुचुल्कामा खुलाई दिएको देखिन्छ। माउन्टेन हेलिकप्टर प्रा.लि.का पाईलट शैलेन्द्र बस्नेत, नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन विज्ञ गुञ्जमान लामा, सिम्रिक एयर लि.का पाईलट सुरेन्द्र पौडेल, कैलाश हेलिकप्टर सर्भिसेसका पाईलट दिलिप बहादुर थापा, मनाङ हेलि प्रा.लि.का पाईलट खडक बहादुर बस्नेत, फिस्टेल एयरका पाइलट श्री रविन्द्र प्रजापति, श्री एयरलाईन्सका पाईलट निरन्जन कान्त सिलवाल, अन्नपूर्ण हेलिकप्टर प्रा.लि.का पाईलट राजेन्द्र दुवाल, अल्टिटिउड हेलिकप्टर प्रा.लि.का पाईलट आनन्द थापा, एभरेष्टका पाईलट कमल बुढा, हेलि एभरेष्ट प्रा.लि.को सेफ्टि म्यानेजर गिता श्रेष्ठ, प्रभु हेलिकप्टर्स प्रा.लि.को सेफ्टि म्यानेजर सानुराज बज्राचार्य, एयर डाइनास्टि हेलि सर्भिसको सेफ्टि म्यानेजर सूचीता श्रेष्ठ, मनाङ एयरका सेफ्टि म्यानेजर राजु न्यौपाने, अल्टिटयुट एयरका सेफ्टि म्यानेजर सुदिप श्रेष्ठ, फिस्टेल एयरका सेफ्टि म्यानेजर सुशिला के.सी. त्रिभुवन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय, नलिन्चोक हेलिपोर्टमा कार्यरत प्र.ज.रमेश श्रीमल, प्र.ह. दिनेश यादब प्र.स.नि.विश्वराम देउबन्जारसमेतले गरेको छुट्टाछुट्टै घटना विवरण कागज गर्दासमेत उक्त नलिन्चोक हेलीपोर्ट संचालनमा आउन नसक्ने भनी कागज गरेको समेतको माथि विवेचित आधार प्रमाणहरुवाट नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, तत्कालीन निर्देशक यी प्रतिवादी मुरारी भण्डारी, तत्कालीन उप-प्रवन्धक हाल प्रबन्धक नल विक्रम थापा, वरिष्ठ अधिकृत ई.सम्वृद्धि श्रेष्ठसमेतका राष्ट्रसेवक प्रतिवादीहरुले अन्य प्रतिवादीहरु गुरुदत्त अधिकारी, अभियन्त्र कन्सल्टिङ प्रा.लि. तथा उक्त कम्पनीका संचालक (म्यानेजिङ्ग डाइरेक्टर) विजय थापासमेत सँगको मिलेमतो तथा योजनामा माथि विवेचना गरिए बमोजिमको कार्य कसूर गरी नलिन्चोक हेलिपोर्ट निर्माणको उद्देश्य अनुरुपको प्रयोग प्रचलनमा आउन नसक्ने गरी निर्माण कार्य गरी गराई जम्मा रु.१३,५७,४६,२१३।७७ (अक्षरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा मात्र) बराबर रकम राष्ट्रसेवक प्रतिवादीहरुले आफ्नो पद ओहोदाको दुरुपयोग गरी आफ्नो जिम्मामा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरण/सार्वजनिक संस्थाको सम्पत्तिको हानीनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य स्थापित भई रहेको देखिँदा देखिँदै हानी नोक्सानी भएको बिगो रु.१३,५७,४६,२१३।७७ (अक्षरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा मात्र) र हुन सक्ने सजायको तुलनामा यी प्रतिवादीहरु सम्वृद्धि श्रेष्ठ र विजय थापालाई सामान्य धरौटीमा तथा प्रतिवादी गुरुदत्त अधिकारीलाई साधारण तारेखमा राखी मुद्दा पुर्पक्ष गर्ने गरी विशेष अदालतबाट भएका उक्त थुनछेक आदेशहरु बेरीतको देखिँदा बदरभागी छन्।<br>(ट) नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन निर्देशक सम्वृद्धि श्रेष्ठ समेतले अन्य प्रतिवादीहरुसँगको मिलेमतो तथा योजनामा हेलिपोर्ट जस्तो अति संवेदनशील संरचना निर्माण पूर्व अनिवार्य गर्नुपर्ने सम्भाव्यता अध्ययन, सरोकारवाला तथा विज्ञसँगको परामर्श एवं सञ्चालक समितिमा छलफल समेत नगरी नगराई बदनियत राखी, वातावरणीय प्रभावको अध्ययन मूल्याङ्कन नगरी नगराई, ICAO Standard लगायतका प्रचलित कानूनलाई अन्देखा गरी गराई, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३, नेपाल नागरिक उड्डयन प्राधिकरण आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतको प्रचलित कानून बमोजिम सरकारी रकमको हिनामिना हानिनोक्सानी दुरुपयोग हुन नदिन उचित प्रबन्ध मिलाउनुपर्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था विपरीत, सम्झौता वमोजिमको विस्तृत अध्ययन प्रतिवेदन पेश नै नगरेको जानकारी हुँदा हुँदै, खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकार प्राप्त अधिकारीवाट स्वीकृत नै नगराई, नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेमा नेपाल सरकारलाई नै गुमराहमा राखी बदनियतपूर्वक प्राधिकरणको आफ्नो जिम्माको सरकारी सम्पत्ति अन्य प्रतिवादीहरुसँगको गैरकानूनी स्वार्थ पूरा गर्ने मिलेमतोमा आयोजना अगाडि बढाएको, उक्त आयोजना कार्यन्वयनमा आउन नसक्ने कुरा थाहा जानकारी हुँदा हुँदै, कानून बमोजिम अधिकार प्राप्त निकाय, समिति एवं सरकारबाट स्वीकृतनै नभएको तथा खरिद कार्यको लागत अनुमान, Bidding Document बदनियत पूर्वक स्वीकृत गरे गराए पश्चात खरिद गुरुयोजनाको मस्यौदालाई अगाडि सारी कसूरबाट उम्कन प्रतिरक्षाका लागि मात्र पेश गरे गराएको, वार्षिक बजेट सुनिश्चित नहुँदै अन्य प्रतिवादीहरुसँगको गैरकानूनी स्वार्थ पूरा गर्ने मिलेमतोमा आयोजना अगाडि बढाएको, यी प्रतिवादी नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्देशकको ओहदा सम्बन्धी कर्तव्य पालनका शिलशिलामा माथि उल्लिखित एवं विवेचित सवूद प्रमाण तथा कार्य कसूरका अलवा निज राष्ट्रसेवक सम्वृद्धि श्रेष्ठले अन्य प्रतिवादीहरुसँगको गैरकानूनी स्वार्थ पूरा गर्ने मिलेमतोमा भौगोलिक, वातवरणीय, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | व्यवस्थापकीय सबै दृष्टिकोणबाट उक्त लगानी पूरा हानिनोक्सानी दुरुपयोग हुने कुराको पहिलेदेखि नै राम्रै हेक्का जानकारी निजलाई हुँदा हुँदै नलिन्चोक हेलिपोर्ट निर्माणको उद्देश्य अनुरुपको प्रयोग प्रचलनमा आउन नसक्ने गरी निर्माण कार्य गरी गराई जम्मा रु.१३,५७,४६,२१३।७७ (अक्षरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैयाँ सतहत्तर पैसा) बराबर रकम राष्ट्रसेवक प्रतिवादी सम्वृद्धि श्रेष्ठ समेतले आफ्नो पद ओहोदाको दुरुपयोग गरी आफ्नो जिम्मामा रहेको नेपाल सरकार/नेपाल नागरिक उड्डयन प्राधिकरण/सार्वजनिक संस्थाको आफ्नो जिम्माको सरकारी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य मिसिल संलग्न एवं सबुद प्रमाणबाट स्थापित भएको देखिँदा प्रतिवादी सम्वृद्धि श्रेष्ठको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्य भएको र बिगो रु.१३,५७,४६,२१३।७७ (अक्षरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा) कायम गरिएको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ मा ३ वर्षभन्दा बढी कैद सजाय हुन सक्ने मुद्दाका अभियुक्तलाई पुर्पक्षका लागि थुनामा नै राख्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था रहेको छ भने विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) मा तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिब कारण भएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ । यसरी गम्भीर भ्रष्टाचारजन्य कसुरमा शुरू चरणदेखि नै संलग्न यि प्रतिवादी सम्वृद्धि श्रेष्ठ, विजय थापा र गुरुदत्त अधिकारीलाई पुर्पक्षका लागि थुनामा राख्ने स्पष्ट कानुनी व्यवस्था हुँदा हुँदै फौजदारी मुद्दामा थुनछेक सम्वन्धी सिद्धान्त विपरीत प्रतिवादीहरु सम्वृद्धि श्रेष्ठ र विजय थापालाई सामान्य धरौटीमा एवम् प्रतिवादी गुरुदत्त अधिकारीलाई साधारण तारेखमा राखी मुद्दा पुर्पक्ष गर्ने गरी विशेष अदालतबाट भएका उक्त थुनछेक आदेशहरु बेरीतको देखिदा बदरभागी छन्।<br>(ठ) थुनछेक आदेशका सन्दर्भमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) मा तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिव कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने कानूनी ब्यवस्था रहेको देखिन्छ भने विशेष प्रकृतिको कसूर भ्रष्टाचार मुद्दामा बिशेष प्रकृतिको कार्यबिधि नै पालना गर्नु पर्ने विधायिकीय मनसाय रहेको देखिन्छ। उपरोक्त कानुनी ब्यवस्था अनुसार थुनछेक आदेश गर्दा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा; (Prima facie Evidence), प्रमाण ऐन २०३१ को दफा १८ र विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) मा उल्लेख भए अनुसार अधिकार प्राप्त अधिकारीले विधि सम्मत तरिकाले संकलन गरेका तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएमा वा कसूरदार हो भन्ने विश्वास गर्न सक्ने मनासिब आधार भएमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने हुन्छ। यस्ता गम्भीर प्रकृतिको अपराधमा केबल आर्थिक धरौटीको माध्यमबाट छाड्दै जाने हो भने यसले समाजमा गलत सन्देश जाने र विधिको शासन कमजोर हुन्छ । समाज र राष्ट्रलाई गम्भीर असर पार्ने कसूरमा तत्काल प्रमाणबाट कसूरदार पुष्टि भएको अभियुक्तहरूलाई निर्दोषताको अनुमानका आधारमा छोड्दै जाने हो भने फौजदारी न्याय ब्यवस्था सञ्चालन हुन नसक्ने अवस्था पैदा हुन सक्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "समाज र राष्ट्रलाई गम्भीर असर पार्ने फौजदारी कसूर गरेको आरोप लागी अदालत समक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट सो अबस्था पुष्टि भएका अभियुक्तहरूलाई निर्दोषिताको अनुमानको आडमा छाड्दै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न नसक्ने भनी (**ने.का.प २०६६ अंक ८ नि.नं. ८२०२**) मा नजिर सिद्धान्त समेत प्रतिपादन भएको देखिंदा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सार्वजनिक निकाय नेपाल नागरिक उडडयन प्राधिकरणलाई रु.१३,५७,४६,२१३।७७ (अक्षेरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैयाँ सतहत्तर पैसा) नोक्सानी पुऱ्याउने यी प्रतिवादीहरु सम्वृद्धि श्रेष्ठ, विजय थापा र गुरुदत्त अधिकारीलाई निजहरु विरुद्धका उपरोक्त उल्लिखित तत्काल प्राप्त प्रमाणहरुलाई विश्लेषण गरी विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम पुर्पक्षको क्रममा थुनामा राखी मुद्दाको कारबाही हुनुपर्नेमा प्रतिवादीहरु सम्वृद्धि श्रेष्ठ र विजय थापालाई सामान्य धरौटीमा र प्रतिवादी गुरुदत्त अधिकारीलाई साधारण तारेखमा राखी मुद्दा पुर्पक्ष गर्ने गरी विशेष अदालतबाट भएका उक्त आदेशहरु बेरीतको देखिँदा बदरभागी छन्।<br><br>अतः माथि विवेचित आधार, कारण, कानुनी व्यवस्था, नजिर एवं अनुसन्धानको क्रममा संकलित मिसिल संलग्न प्रमाण कागजहरुको आधारमा यी प्रतिवादी सम्वृद्धि श्रेष्ठ, विजय थापा र गुरुदत्त अधिकारी समेतले नेपाल सरकार, सार्वजनिक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बदनियतपूर्वक रु.१३,५७,४६,२१३।७७ (अक्षेरेपि तेह्र करोड सन्ताउन्न लाख छयालिस हजार दुई सय तेह्र रुपैया सतहत्तर पैसा) नोक्सानी पुऱ्याएको तथ्य मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट पुष्टि भएको देखिँदा देखिँदै उक्त प्राप्त प्रमाणहरुको विश्लेषण नगरी प्रतिवादीहरु सम्वृद्धि श्रेष्ठ र विजय थापाबाट रु.२,५०,०००।— धरौटी वा जमानत लिई तारेखमा राखे र प्रतिवादी गुरुदत्त अधिकारीलाई साधारण तारेखमा राखी मुद्दा पुर्पक्ष गर्ने गरी भएका आदेशहरु बेरीतको देखिएकाले उक्त आदेशहरु बदर गरी निज प्रतिवादीहरु सम्वृद्धि श्रेष्ठ, विजय थापा र गुरुदत्त अधिकारीलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |